# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हायूटार, सिन्धुली
३ नं. प्रदेश नेपाल ।

## करार सेवामा कर्मचारी भर्ना सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७५।०४।२३

यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रिक्त तपशिल बमोजिमका पदहरुमा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकाले इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति: २०७५।०५।०६ गते) भित्र आवश्यक कागजातहरु सहित यस कार्यालयमा रितपूर्वक दरखास्त पेश गर्नहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना आव्हान गरिएको छ । करार सेवा अवधि २०७६ असार मसान्तसम्म हुनेछ तर दरवन्दी अनुसारको स्थाई कर्मचारी खटिई/समायोजन भई आएमा करार स्वत: समाप्त हुनेछ ।

| क्र. सं. | विज्ञापन नं. | पद | माग संख्या | आवश्यक न्यूनतम शैक्षिक योग्यता | परीक्षा दस्तुर(रु.) | मासिक तलव रु. | कामकाज गर्नुपर्ने स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | १/२०७५-०७६ | अ.हे.व. | २ | सि.एम.ए. कोर्स उतीर्ण वा सो सरह । | ७००।- | -मासिक तलव रु. २२,१७०।- | शान्तेश्वरी स्वास्थ्य चौकी र तामाजोर स्वास्थ्य चौकी |
| २. | २/२०७५-०७६ | अ.न.मी. | १ | अ.न.मी. कोर्स उतीर्ण वा सो सरह । | ७००।- | -मासिक तलव रु. २२,१७०।- | वस्तिपुर स्वास्थ्य चौकी (वर्थिङ सेन्टर) |
| ३. | ३/२०७५-०७६ | कार्यालय सहयोगी | ६ | साधारण लेखपढ गर्न जानेको । | ५००। | -मासिक तलव रु. ९,०००।- | घ्याङलेख गाउँपालिका वडा नं. १,२,३,४ र ५ स्थित स्वास्थ्य चौकीहरु |

**उमेद्वार छनौटका आधारहरु:-**
(क) **अ.हे.व. र अ.न.मी. को हकमा:** वस्तुगत परीक्षा र अन्तर्वार्ता ।
(ख) **कार्यालय सहयोगीको हकमा:** अन्तर्वाता ।

**उमेर:** १८ वर्ष पुरा भएको ४५ वर्ष ननाघेको

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:-** लोकसेवा आयोगको ढाँचा अनुसार दरखास्त फारम भरि २ प्रति पासपोर्ट साइजको फोटो टाँसि, तोकिएको परिक्षा दस्तुर यस कार्यालयको रा. वा. बैंक सिन्धुलीमा रहेको मूल संचित कोष खाता नं. (ग-४-१) **१०६०३०४०१८१०९** मा जम्मा गरि सोको सक्कल भौचर वा गाउँ कार्यापालिकाको कार्यालयमा रकम बुझाएको नगदी रसिद, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कार्यअनुभव भएमा सो समेतको प्रमाणित प्रतिलिपीहरु, अ.हे.व. र अ.न.मीको हकमा काउन्सिलमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी सहित यस गाउँ कार्यपालिकाको कार्यालय, हायूटार, सिन्धुलीमा दरखास्त बुझाउनुपर्नेछ । म्याद नाघी आएका दरखास्त उपर कुनै कारवाही हुनेछैन ।
**नोट:-** परिक्षा केन्द्र र मिति पछि तोकिनेछ ।
दरखास्त फारम लोकसेवा आयोगको वेवसाइट http://psc.gov.np/assets/uploads/files/40o3tmnj3uki8-vhhrzxsr4gg6i.pdf बाट डाउनलोड गरि वा गाउँ कार्यपालिकाको कार्यालय, हायूटारबाट रु २० तिरी प्राप्त गर्न सकिनेछ ।

**अन्य थप जानकारीका लागि:-** ९८५४०४१८९२ र ९८६५३६२६०७ मा सम्पर्क गरि जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**
**सन्तोष नेपाली**